
स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता विराज भ ले फिल्म एक्सनले भन्दा पनि कथा र भावनाले चल्ने बताएका छन्। फिल्ममा बलियो कथावस्तु, भावनाका साथै कलाकारको उत्कृष्ट अभिनय पनि आवश्यक रहेको उनको भनाइ छ। फिल्म 'राम नाम सत्य'मा दर्शकले एक्सनका साथै बलियो सामाजिक र पारिवारिक संवेदना पाउने उनको भनाइ छ। बिहीबार फिल्म 'राम नाम सत्य'को ट्रेलर सार्वजनिक कार्यक्रममा भ ले फिल्म राम्रो बनेको दाबी गरेका छन्।

आजको विचार...



नेपालमा...
(दुई पेजमा)

रविभूषण झा



गायिका एलिना चौहानले कलाकार सागर लम्साल 'बले' विरुद्ध लागेको बलात्कारको आरोपका सम्बन्धमा सत्यतथ्य छानबिन हुनुपर्ने माग राखेकी हुन्। उनले सामाजिक संजालमा एक स्टाटस पोस्ट गर्दै यस्तो धारणा राखेकी हुन्। 'कृपया सबैले सुरुमा आरोप लागेको नाम स्पष्ट हेर्नुहोस्। सत्य के हो छानबिनबाट बाहिर आओस्। दोषी भए कडा कारबाही होस्, निर्दोष भए न्याय पाओस्।' यस्तै उनले अर्को स्टाटसमा बलात्कारजस्ता विषयमा आवाज उठाउन ठूलो साहस चाहिने बताएकी छन्।

❒ वर्ष ३१ ❒ अंक २४६ ❒ २०८२ चैत २१ गते शनिबार 4 April 2026, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## पाल्पामा विपद् व्यवस्थापन समितिको बैंठक

# विपद् व्यवस्थापन र वन डढेलो नियन्त्रण गर्न समन्वय र सहकार्यमा जोड

**रामचन्द्र रायमाझी**

**पाल्पा,** चैत २०/ विपद् व्यवस्थापन र वन डढेलो नियन्त्रणमा सबै पक्षबिच समन्वय र सहकार्यमा जोड दिइएको छ । शुक्रबार तानसेनमा बसेको जिल्ला विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समितिको बैंठकले सुक्खा मौसमसँगै हरेक वर्ष वन डढेलोबाट हुने विपद्का घटना वर्षेनि वृद्धि भइरहेको भन्दै विपद् प्रतिकार्य, विपद् पूर्वको तयारी, उद्धार र राहतमा सबै पक्षबिच सहकार्य र समन्वय गरेर काम गर्नुपर्नेमा जोड दिएको हो ।

बैंठकमा स्थानीय तहका प्रमुख तथा उपप्रमुख ,प्रमुख प्रशासकिय अधिकृत, राजनीतिक दल, सम्बन्धी कार्यालयका प्रमुख तथा प्रतिनिधि, पत्रकार लगायतले विपद् व्यवस्थापनमा सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्नेमा जोड दिए । सहभागीहरुले प्राकृतिक



कारणलेभन्दा मानव सिर्जित आगलागीका कारण वन क्षेत्रमा डढेलोको जोखिम बढी रहेको भन्दै सेचतनाका कार्यक्रमलाई तल्लो तहसम्म पुर्‍याउनु पर्ने बताए । बैंठकमा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, नेपाली काँग्रेस पाल्पाका जिल्ला सभापति हिमालदत्त श्रेष्ठ, राष्ट्रिय स्वतन्त्र पार्टी तानसेन नगरका सभापति जीवन पाण्डेय, नेकपा एमाले पाल्पाका अध्यक्ष ओमबहादुर घर्ती, नेकपाका जिल्ला संयोजक अशोक कुमार शाही, राप्रपाका जिल्ला अध्यक्ष डुलबहादुर कुंवर, रामपुर नगरपालिकाका नगरप्रमुख रमणबहादुर थापा, बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदी, रैनादेवी छहरा गाउँपालिकाका अध्यक्ष रुक्माङ्गत भट्टराई, रम्भा गाउँपालिकाका अध्यक्ष विष्णु प्रसाद भण्डारी, रिब्दीकोट गाउँपालिकाका अध्यक्ष नरायणबहादुर कार्की, तिनाउ गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठ, पूर्वखोला गाउँपालिकाकी उपाध्यक्ष भागिरथी शर्मा भट्टराई, निस्दी गाउँपालिका उपाध्यक्ष.तीरन कुमारी श्रेष्ठ, माथागढी गाउँपालिकाकी उपाध्यक्ष विष्णु माया लुङ्चे, तानसेन नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत चेतनाथ गिरी, रेडक्रस पाल्पाका सभापति बाबुराम कार्की लगायतले आ-आफ्नो ठाउँबाट विपद् जोखिम र डढेलो नियन्त्रणमा भूमिका खेल्ने बताए । बैंठकले विभिन्न निर्णयरु समेत गरेको छ । जिल्लामा विपद व्यवस्थापनका लागि पूर्व तयारी गरिने, चैत, बैशाख र जेठ महिना बढी आगलागी डढेलोको जोखिम हुने महिना भएकोले जिल्लामा डढेलो/आगलागी हुने सम्भाव्य क्षेत्रको नक्शाङ्कन गर्ने, सचेतनामूलक कार्यक्रमलाई अभियानको रुपमा अगाडि बढाउने, आगलागी भएको सूचना प्राप्त हुनासाथ सुरक्षाकर्मी, स्थानीय वन उपभोक्ता समूह, डिभिजन वन कार्यालयको टोली तुरुन्त परिचालन गर्ने, आगलागी नियन्त्रण गर्न दमकल नभएका स्थानीय तहहरुले आगामी २ महिनाको लागि चारपाङ्ग्रे सवारी साधन (पहाडी कच्ची बाटोमा समेत गुड्न सक्ने खालको) भाडामा लिने, पानी ट्याङ्कर वा हिल ट्याङ्कीमा पानी संकलन गरी राख्ने, ४/५ जना वन हेरालु फायर फाईटर टोली परिचालन गर्ने , डिभिजन बन कार्यालयले स्थानीय तहहरुसँग समन्वय गर्ने, सामुदयिक वन उपभोक्ता समूहहरुलाई डढेलो नियन्त्रण तालिम दिई जिम्मेवार बनाउने, अग्नी नियन्त्रण औजारहरु वितरणको व्यवस्था मिलाउने, आगलागी/बन डढेलो नियन्त्रण गर्न सामुदायिक वन उपभोक्ता समूहलाई सक्रिय बनाई परिचालन गर्ने, वन उपभोक्ता समूहहरुले सामुदायिक वनमा रहेको झारपात हटाउने, अग्नी रेखा बनाउने, वनमा ढली सडेका रुखहरु हटाउने वा हिल ट्याङ्कीमा पानी संकलन गरी तयारी अवस्थामा राख्ने लगायतका निर्णय बैंठकले गरेको छ ।(... बाँकी अन्तिम पेजमा)

## संक्षिप्त समाचार

### भारी वर्षा र बाढीले १५ को मृत्यु

**(रासस/सिन्ह्वा)**

**इस्लामाबाद,** चैत २०/पाकिस्तानको बलोचिस्तान प्रान्त र दक्षिणी बन्दरगाह शहर कराचीमा पछिल्ला २४ घण्टामा भारी वर्षा, तिव्र हावा र चट्याङसहितको तूफानले ठूलो क्षति पुर्‍याएको छ । यसमा कम्तीमा १५ जनाको मृत्यु भएको छ भने घर, सडक, बाली र पशुपन्छीमा व्यापक क्षति पुगेको छ । बलोचिस्तानमा दर्जनौं जिल्लामा परेको भारी वर्षाका कारण आठ जनाको मृत्यु भएको र धेरै मानिस घाइते भएका छन् । प्रान्तीय विपद व्यवस्थापन प्राधिकरणका अनुसार घर र पूर्वाधार क्षति भएको छ भने उभिएका बाली र पशुपन्छी नष्ट भएका छन् । कराचीमा पनि अव्यवस्थित भारी वर्षाका क्रममा बिजुली लाग्नु र पर्खाल ढल्किनुका कारण सात जनाको मृत्यु भएको छ । स्थानीय प्रशासनले सडकमा पानी जम्ने समस्या नियन्त्रण गर्न र यातायात सुचारु राख्न उपायहरू लागू गरेको छ । कराचीका कमिश्नर सैयद हसन नक्वीका अनुसार, अपेक्षित वर्षालाई ध्यानमा राखेर शहरभर आपतकालीन शिविर स्थापना गरिएको छ र प्रशासन उच्च सतर्कतामा रहेको छ, ताकि समयमै प्रतिक्रिया दिइन र नागरिकलाई सहयोग पुर्‍याउन सकियोस् । यसका कारण बाढी, पहिरो र बालीमा थप क्षति पुग्ने सम्भावना छ ।

## 'सहकारी सर्वसाधारण जनताको सारथी बनेको छ'



**दाङ,** चैत २०/लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सहकारी संस्थाहरु सर्वसाधारण नागरिकको सारथी बनेको बताएका छन् । ६९औँ राष्ट्रिय सहकारी दिवसको अवसरमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले राप्ती उपत्यका (देउखुरी) मा शुक्रबार आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले यस्तो बताएका हुन् ।

"सर्वसाधारण जनताको सारथी सहकारी बनेको छ । साहु-महाजनको घरमा ऋणका लागि धाउनुपरेको छैन", उनले भने, "साना-तिना व्यवहारहरू सहकारीको माध्यमबाट समाधान भइरहेका छन् ।" मुख्यमन्त्री आचार्यले नियत खराब राखेर सञ्चालन भएका केही सहकारीका कारण भने सहकारी क्षेत्र बदनाम भइरहेको बताए । उनले त्यस्ता सहकारी संस्थालाई नियमन गर्ने काम भइरहेको स्पष्ट पारे । "गलत उद्देश्य बोकेर आएका सहकारीका कारण सहकारी क्षेत्र शङ्काको घेराभित्र पर्न गइरहेको छ । बाहिरबाट आएर पैसा कुम्ल्याएर गएका उदाहरणहरू छन्", मुख्यमन्त्री आचार्यले भने, "बुटवलमा सुप्रिम सहकारी संस्थामा आबद्ध भएका अहिले अलपत्र परिरहेको अवस्था छ । त्यहाँको पैसा कहाँ गयो ? कसले लग्यो । त्यो सञ्चालन गर्ने सञ्चालकहरू कति भरपर्दा थिए ? हामीले जाँच-पड्ताल गरेनौँ ।"

## पर्यटकको रोजाइमा 'पुरन्धरा झरना'

**नारायणी रजौरे/रासस**

**दाङ,** चैत १९ /पश्चिम दाङको बबई गाउँपालिकामा पर्ने 'पुरन्धरा झरना' पछिल्लो समय आन्तरिक पर्यटकको आकर्षक पर्यटकीय गन्तव्य बन्दै गएको छ । झरनासम्म पुग्ने बाटो पक्की निर्माण भएसँगै अवलोकनका लागि आउने पर्यटकको संख्या बढ्नुका साथै यहाँ आन्तरिक पर्यटकको चहलपहल बढ्न थालेको हो ।



तीनतिरबाट वनजङ्गलले घेरेको पश्चिमतर्फ भने कलकल बग्ने बबई नदी र त्यही नदीको करिब १० मिटर टाढा पूर्वतर्फ प्राकृतिक पुरन्धरा झरना छ । करिब ४५ फिट उचाइको यो झरनाबाट खस्ने पानीको मनमोहक दृश्यले पर्यटकलाई आकर्षित गरेको स्थानीय बताउँछन् । झरनाबाट खसेको पानी पोखरीजस्तै आकारमा जम्मा हुन्छ । सोही पानी विस्तारै बबई नदीमा गएर मिसिन्छ । झरनाको अवलोकन गर्न यहाँ पुग्ने जोकोही पनि यो दृश्यले थप आकर्षित हुनुका साथै यस यामको गर्मी सुरु भएकाले झरनाको तल बनेको पोखरीमा पौडी खेल्नेको संख्या पनि पछिल्ला दिनमा बढिरहेको झरना संरक्षणका लागि खटिएका कर्मचारी गेदलाल केसीले जानकारी दिए । झरनाको अवलोकनका लागि जिल्लाका विभिन्नस्थान तथा अन्य छिमेकी जिल्लाका साथै भारतका विभिन्न ठाउँबाट पनि पर्यटक आउने गरेका कर्मचारी केसीले बताए ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## विश्व द्वन्द्वको छायाँमा नेपालको अर्थतन्त्र र समाजमा बढ्दो असर

**विश्वका विभिन्न भू-राजनीतिक क्षेत्रमा भइरहेका युद्ध र द्वन्द्वले आजको अन्तरनिर्भर विश्वमा व्यापक आर्थिक र सामाजिक प्रभाव पारिरहेका छन् । यस्ता द्वन्द्वको असर प्रत्यक्ष रुपमा युद्धरत देशमा देखिए पनि यसको तरङ्ग प्रभाव नेपालजस्ता विकासोन्मुख र आयात-निर्भर राष्ट्रहरूमा अझ गहिरो रुपमा महसुस हुन्छ ।**

**आर्थिक दृष्टिले युद्धले अन्तर्राष्ट्रिय आपूर्ति प्रणालीलाई अवरुद्ध बनाउँछ । कच्चा तेल, खाद्यान्न, मल तथा अन्य आवश्यक वस्तुहरूको मूल्य अस्वाभाविक रूपमा बढ्न जान्छ । नेपाल जस्तो देश, जसले ठूलो मात्रामा पेट्रोलियम पदार्थ, खाद्यान्न र औद्योगिक कच्चा पदार्थ आयात गर्छ, त्यहाँ मुद्रास्फीति तीव्र हुने, विदेशी मुद्रा सञ्चिति दबाबमा पर्ने र व्यापार घाटा झन् बढ्ने जोखिम रहन्छ । यसले साना व्यवसायदेखि ठूला उद्योगसम्म उत्पादन लागत बढाएर समग्र अर्थतन्त्रलाई कमजोर बनाउँछ । युद्धले वैदेशिक रोजगारीमा पनि प्रतिकूल असर पार्छ। खाडी मुलुक वा अन्य द्वन्द्व प्रभावित क्षेत्रमा कार्यरत नेपाली कामदारहरूको रोजगारी अस्थिर बन्छ, जसले विप्रेषणमा गिरावट ल्याउन सक्छ । विप्रेषणमा निर्भर नेपाली अर्थतन्त्रका लागि यो ठूलो चुनौती हो । साथै, पर्यटन क्षेत्र पनि विश्वव्यापी असुरक्षाको कारण प्रभावित हुन्छ, जसले रोजगारी र आम्दानीमा थप नकारात्मक असर पार्छ ।**

**सामाजिक रुपमा, युद्धले विश्वभर असुरक्षा, मानसिक तनाव र अनिश्चितता बढाउँछ । शरणार्थी संकटले मानवतावादी समस्या गहिर्याउँछ भने यसको अप्रत्यक्ष प्रभाव नेपालजस्ता देशमा पनि देखिन्छ– जस्तै, अन्तर्राष्ट्रिय सहयोग घट्नु विकास परियोजनामा ढिलाइ हुनु र सामाजिक सेवामा दबाब बढ्नु । त्यसैले, युद्धको प्रभाव केवल सीमित भूभागमा मात्र सीमित हुँदैन । नेपालजस्ता राष्ट्रहरूका लागि दीर्घकालीन स्थायित्व, आर्थिक सन्तुलन र सामाजिक सुरक्षा कायम राख्न अन्तर्राष्ट्रिय शान्ति, सहकार्य र विवेकपूर्ण कूटनीति अपरिहार्य बनेको छ ।**

### Opinion @ Social Network

सित्तैमा कसैले केही गर्दैन
तपाइलाई हेरेर मुस्कुराउनेले पनि तपाई बाट मुस्कान कै अपेक्षा गरेको हुन्छ ।
*(सागर ढकालको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.Dhakal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालमा वातावरणीय प्रभाव मूल्यांकनपछिको वास्तविकता: प्रक्रिया कि समस्या ?



**रविभूषण झा**

> *आवश्यक परेमा कानुन तथा लेखा शाखाको राय समेत लिइन्छ र तोक आदेशमार्फत फाइल पुन: आवत-जावत हुने गर्दछ । मन्त्रालयबाट फाइल वन मन्त्रालयमा पठाइन्छ, जहाँ न्यूनतम चार तह (सचिवबाट तोक भई शाखा अधिकृत, उपसचिव, सहसचिव हुँदै सचिव) सम्म प्रक्रिया अघि बढ्छ, कानुनी राय मागिएको अवस्थामा थप चरणहरू समावेश हुन्छन् । वन विभागले आवश्यक विवरण यकिन गर्न आयोजनास्थित जिल्लाको डिभिजन वन कार्यालयमा पठाउँछ, जहाँ चार तह पार गरिन्छ । अन्त्यमा, डिभिजन वन कार्यालयले सव(डिभिजनमा पत्राचार गर्दछ, जसमा दुई तह संलग्न हुन्छन् । उपरोक्त चरणहरूमा मात्र (तोक आदेश बाहेक) कम्तीमा २१ पटक टिप्पणी र सही प्रक्रिया पूरा गर्नुपर्ने अवस्था रहन्छ ।*

नेपालमा वातावरणीय प्रभाव मूल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षण (ईआईए) गरिनुको मुख्य उद्देश्य विकास आयोजनाहरूको वातावरण, समाज र अर्थतन्त्रमा पर्ने प्रभावलाई पूर्वपहिचान गरी उचित व्यवस्थापन गर्नु हो । अझ भनौँ, आयोजनाले वन, पानी, माटो, जैविक विविधता, हावा आदिमा के-कस्ता असर पार्छ भन्ने कुरा थाहा पाउन आईईई र ईआईए गरिन्छ । नेपालमा वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार निश्चित आकार र प्रकृतिका आयोजनाका लागि आईईई वा वातावरणीय प्रभाव मूल्यांकन अनिवार्य गरिएको छ । आईईई र ईआईएबिना विकास अन्धो हुन्छ, र विकास बिना संरक्षण अधुरो हुन्छ । त्यसैले दुवैबीच सन्तुलन राख्न यी अध्ययन गरिन्छन् । तर, व्यवहारमा हेर्दा,आईईई र ईआईए प्रक्रिया निकै झन्झटिलो, समयसाध्य र बहुतहको हुने भएकाले यसलाई विकासका काममा ढिलाइ गराउने प्रमुख कारणका रूपमा लिने गरिन्छ । धेरैजसो अवस्थामा प्रतिवेदन तयारीदेखि स्वीकृतिसम्म लामो समय लाग्ने, विभिन्न निकायबीच समन्वय अभाव हुने, र प्रक्रिया स्पष्ट तथा समयसीमा(आधारित नहुँदा अनावश्यक ढिलाइ हुने देखिन्छ । वातावरणीय प्रभाव मूल्यांकन स्वीकृतिपछिको जटिलता सामान्य बुझाइ के छ भने वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत भएपछि रुख कटान गर्ने काम सजिलो हुन्छ । तर वास्तविकता अलि जटिल नै छ । वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत भइसकेपछि पनि सोही प्रतिवेदन अनुसार रुख कटान तथा वनक्षेत्र उपयोग अनुमतिका लागि अपनाउनुपर्ने प्रक्रिया अत्यन्त जटिल, बहुस्तरीय र समयसाध्य रहेको व्यावहारिक अनुभवले देखाउँछ ।

**रुख कटान अनुमतिको बहु-स्तरीय प्रक्रिया :** एउटा राष्ट्रिय गौरवको आयोजनामा रुख कटान अनुमतिको प्रक्रिया क्रमिक रूपमा अगाडि बढ्छ । सुरुमा सम्बन्धित आयोजनाले स्वीकृत वातावरणीय प्रभाव मूल्यांकन अनुसार वनक्षेत्र उपयोग तथा रुख कटान अनुमतिका लागि टिप्पणी उठाई तालुक विभागमा पेश गर्दछ, जसमा शाखा अधिकृत, उपसचिव र आयोजना प्रमुख सहित तीन तह संलग्न हुन्छन्। त्यसपछि विभागले फाइल तालुक मन्त्रालयमा पठाउँछ, जहाँ न्यूनतम चार तह (शाखा अधिकृत, उपसचिव, उपमहानिर्देशक, महानिर्देशक) पार गर्नुपर्छ । आवश्यक परेमा कानुन तथा लेखा शाखाको राय समेत लिइन्छ र तोक आदेशमार्फत फाइल पुन: आवत-जावत हुने गर्दछ । मन्त्रालयबाट फाइल वन मन्त्रालयमा पठाइन्छ, जहाँ न्यूनतम चार तह (सचिवबाट तोक भई शाखा अधिकृत, उपसचिव, सहसचिव हुँदै सचिव) सम्म प्रक्रिया अघि बढ्छ, कानुनी राय मागिएको अवस्थामा थप चरणहरू समावेश हुन्छन् । वन मन्त्रालयबाट फाइल वन विभागमा पठाइन्छ, जहाँ पुन: चार तह (महानिर्देशकबाट तोक भई शाखा अधिकृत, उपसचिव, सहसचिव र महानिर्देशक) सम्म प्रक्रिया सञ्चालन हुन्छ । वन विभागले आवश्यक विवरण यकिन गर्न आयोजनास्थित जिल्लाको डिभिजन वन कार्यालयमा पठाउँछ, जहाँ चार तह पार गरिन्छ । अन्त्यमा, डिभिजन वन कार्यालयले सव(डिभिजनमा पत्राचार गर्दछ, जसमा दुई तह संलग्न हुन्छन् । उपरोक्त चरणहरूमा मात्र (तोक आदेश बाहेक) कम्तीमा २१ पटक टिप्पणी र सही प्रक्रिया पूरा गर्नुपर्ने अवस्था रहन्छ । त्यसपछि वातावरणीय प्रभाव मूल्यांकन अनुसार वनक्षेत्र तथा रुख संख्याको स्थलगत यकिन गरिन्छ । साथै सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत सिफारिस संकलन गरिन्छ, जुन प्रक्रिया आफैंमा अत्यन्त समयसाध्य र जटिल हुन्छ। सव(डिभिजनले सो सिफारिससहित डिभिजनमा पठाउँछ ।

**थप स्वीकृति र कार्यान्वयन प्रक्रिया**
सबै विवरण मिलान भएपछि फाइल पुन: सव-डिभिजनबाट डिभिजन, डिभिजनबाट वन विभाग, वन विभागबाट वन मन्त्रालय हुँदै मन्त्रिपरिषद्मा पेश गरिन्छ, जस क्रममा (तोक आदेश बाहेक) थप कम्तीमा १६ तहको स्वीकृति प्रक्रिया पूरा गर्नुपर्दछ । मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त भएपछि पनि प्रक्रिया समाप्त हुँदैन । यसपछि फाइल वन मन्त्रालय हुँदै पुन: वन विभागमा फर्किन्छ । आयोजनालाई आवश्यक वनक्षेत्र बराबरको सट्टा जग्गा उपलब्ध गराउनुपर्छ वा सो सम्भव नभएमा सट्टा जग्गा उपलब्ध नभएको प्रमाणसहित वन विकास कोषमा रकम जम्मा गर्नुपर्छ, यो प्रक्रिया पनि जटिल र समयसाध्य छ । त्यसपछि वन विभाग र आयोजनाबीच विभिन्न शर्तसहित सम्झौता सम्पन्न हुन्छ र कार्यान्वयनका लागि प्रदेश वन निर्देशनालय हुँदै डिभिजन वन कार्यालयमा पठाइन्छ। अन्ततः रुख गणना, टाँचा लगाउने, कटान, घाटगद्दी, परिमाण यकिन, हस्तान्तरण लगायतका प्राविधिक तथा व्यवस्थापकीय कार्यहरू सम्पन्न गर्नुपर्छ। एउटा साधारण देखिने "रुख कटान अनुमति" पछाडि यति लामो, जटिल र समयखाने प्रक्रिया लुकेको छ ।

**प्राविधिक जनशक्तिको मनोवैज्ञानिक दबाब**
यी सबै प्रक्रियाबीच एउटा गम्भीर तर प्राय: बेवास्ता गरिने पक्ष भनेको प्राविधिक जनशक्तिको मानसिक अवस्था हो । एउटा इन्जिनियरले भोग्नुपर्ने अवस्था केवल प्राविधिक चुनौती मात्र होइन - यो प्रशासनिक, सामाजिक र मनोवैज्ञानिक दबाबको मिश्रण हो । यसै सन्दर्भमा एकजना इन्जिनियरको अनुभव छस् "फाइल अगाडि बढाउनका लागि विभिन्न तहका कार्यालय धाउनु, स्थानीय प्रतिनिधिमार्फत ताकेता गराउनु, र आफ्नै कामलाई व्यक्तिगत स्वार्थ जस्तो व्यवहार सहनु - यो केवल प्रक्रिया होइन, पेशागत अपमानजस्तो अनुभूति हो ।" अझ विडम्बना के छ भने - यत्रो जटिल प्रक्रिया पार गर्दा ढिलाइ भए पनि म्याद थप नहुने, कामको दायरा परिवर्तन आदेश नआउने तर काम समयमै सक्नुपर्ने दबाब भने यथावत रहने। यस्तो अवस्थाले प्राविधिक जनशक्तिमा मानसिक थकावट, निराशा र निरुत्साह बढाउने जोखिम उच्च हुन्छ ।

**अन्तर्राष्ट्रिय अभ्यास**
अब केही अन्तर्राष्ट्रिय अभ्यास हेरौँ। भारतमा वन स्वीकृति प्रक्रिया स्टेज १ र स्टेज २ मा विभाजन गरिएको छ। धेरै राज्यहरूले एकद्वार प्रणाली अपनाएका छन्, जहाँ प्रारम्भिक स्वीकृति ६०-९० दिनभित्र दिने लक्ष्य राखिन्छ। सिंगापुरमा पूर्ण रूपमा समन्वित निर्माणपूर्व स्वीकृति प्रणाली लागू गरिएको छ र अधिकांश स्वीकृति १४-३० दिनभित्र सम्पन्न हुन्छ । अष्ट्रेलियामा स्पष्ट मार्गदर्शन, समयसीमा र जवाफदेहितामा आधारित प्रणाली छ, जहाँ धेरै मूल्यांकन प्रक्रिया ४०-६० दिनभित्र टुंग्याउने लक्ष्य राखिन्छ। बेलायतमा योजना अनुमति र वातावरणीय स्वीकृतिको एकीकृत प्रणाली छ, जहाँ साना र मध्यम आयोजना करिब ८ हप्ता ९५६ दिन० भित्र स्वीकृत हुन्छन्। भुटानमा ुउच्च मूल्य तर कम प्रभावु नीतिमा आधारित प्रणाली छ, जहाँ स्पष्ट मार्गदर्शन, सानो तर प्रभावकारी कर्मचारीतन्त्र र उच्च अन्तर(निकाय विश्वासका कारण प्रक्रिया अपेक्षाकृत छिटो र अनुमानयोग्य हुन्छ। न्युजिल्यान्डमा स्रोत व्यवस्थापन ऐन २०४८ अन्तर्गत वातावरणीय स्वीकृति र भूमि उपयोग अनुमति एकीकृत छन्। सार्वजनिक परामर्श व्यवस्थित हुन्छ र धेरैजसो निर्णय २०-६० कार्यदिन भित्र गरिन्छ। यी उदाहरणहरूले के देखाउँछन् भने - प्रक्रिया छोटो हुनु मात्र होइन, स्पष्ट, समयबद्ध र जवाफदेही हुनु नै मुख्य कुरा हो । सुधारका सम्भावित बाटाहरू नेपालमा सुधारका लागि निम्न बुँदाहरू अत्यन्त महत्वपूर्ण देखिन्छन्। सबै स्वीकृति एउटै विद्युतीय मञ्चबाट प्रदान गरिने एकद्वार प्रणाली लागू गर्नु आवश्यक छ । प्रत्येक चरणका लागि कानुनी समयसीमा तोकेर समयसीमाभित्र स्वीकृति दिने व्यवस्था हुनुपर्छ। वास्तविक समयमा फाइलको अनुगमन गर्न सकिने विद्युतीय अनुगमन प्रणालीको विकास र प्रयोग अपरिहार्य छ। मानक न्यूनीकरण उपायसहितको पूर्वस्वीकृत ढाँचा निर्माण गरी द्रुत गतिमा काम अगाडि बढाउन सकिन्छ। नियमित समन्वय संयन्त्रको स्थापना गरी अन्तर(निकाय समन्वय सुदृढ गर्नुपर्छ । ढिलाइमा स्पष्ट जिम्मेवारी तोक्ने जवाफदेहिता संयन्त्रको विकास हुनुपर्छ । प्रदेश र डिभिजन स्तरमा अधिकार प्रत्यायोजन गरी क्षेत्रगत स्तरमा सशक्तीकरण गर्नु आवश्यक छ। अन्त्यमा, सामुदायिक प्रक्रियामा सरलता ल्याउन सामाजिक तथा सामुदायिक सुधारका कार्यक्रमहरू लागू गरिनुपर्छ ।

**निष्कर्ष**
समस्या केवल वनमा छैन, केवल कानुनमा पनि छैन - समस्या प्रक्रिया, समन्वय, पूर्वतयारी र कार्यसंस्कृति सबैमा छ । आजको मितिमा वातावरणीय प्रभाव मूल्यांकन स्वीकृति कामको अन्त्य होइन कि त्यो त केवल अर्को जटिल यात्राको सुरुवात मात्र हो । त्यसैले यदि हामीले प्रक्रिया सरल बनाएनौँ, समयसीमा तोकेनौँ, र जिम्मेवारी स्पष्ट गरेनौँ भने विकास सधैं कागजमै सीमित रहनेछ ।

*-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ काम र मिहिनेतले प्रगति हुनेछ। सामाजिक सम्बन्ध मजबुत बन्नेछ। | **तुला** : कामकाजमा प्रगतिको संकेत रहेको छ। वाणीमा विशेष प्रभाव बढ्नेछ। |
| **वृष** : साथीभाइसँग सहकार्य बढ्नेछ। मूल्यांकन प्राप्त नहुदा मन खिन्न रहन सक्छ। | **वृश्चिक** : आर्थिक पक्षतर्फ ध्यान दिनुपर्ने समय रहेको छ। रोजगारमा सफलता मिल्नेछ। |
| **मिथुन** : रचनात्मक काममा रुचि बढ्नेछ। परिवारको साथले हैसला बढाउने छ। | **धनु** : व्यापार व्यवसायमा अनुभवले सहि निर्णय लिन मद्दत गर्नेछ। |
| **कर्कट** : संयमताले सफलता नजिक ल्याउनेछ। मित्रतामा विश्वास बढ्नेछ। | **मकर** : नयाँ दायित्व निर्वाह गर्नुपर्ला। बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ। |
| **सिंह** : आत्मबल बलियो रहनेछ। नेतृत्व गर्ने सुनौलो अवसर मिल्नेछ। | **कुम्भ** : पेशामा हजुरको प्रभाव बढ्नेछ। व्यवसायलाई नयाँ योजनाहरू बन्नेछन्। |
| **कन्या** : रमाइलो वातावरण बन्नेछ। परिवारका सबै सदस्यहरुबाट सहयोग मिल्नेछ। | **मीन** : असमझदारी बढ्नेछ। आश्वासन बढाउनेहरूले झुक्याउन सक्नेछन् । |

# गुल्मीमा वन्यजन्तुको बढ्दो आतंक रोक्न पहल गरिने

**गुल्मी,** चैत २०/गुल्मीमा बन्यजन्तुको बढ्दो आतंक रोक्न पहल गरिने भएको छ । जिल्लाका सैंघ सांसद, जिल्ला समन्वय समिति प्रमुख तथा स्थानीय तहका प्रमुखहरूबिच भएको भर्चुअल बैठकले बाँदर, बँदेलगायतका वन्यजन्तुको बढ्दो आतंक रोक्न आवश्यक पहल गरिने निर्णण गरेको हो ।



बैठकले बाँदर, बँदेलगायतका वन्यजन्तुको बढ्दो आतंकका कारण कतिपय बस्ती नै स्थानान्तरण गर्नुपर्ने अवस्था सिर्जना भएकाले यसको तत्काल उपयुक्त निकाससहित पहलकदमी गर्नुपर्ने पहिलो निष्कर्ष निकालेको छ । त्यस्तै, बैठकले जिल्लामा सञ्चालित खानेपानी आयोजनाहरूमा लागतको अनुपातमा अत्यन्त न्यून बजेट विनियोजन भएकाले खानेपानीजस्तो नागरिकको आधारभूत आवश्यकताको विषय १० वर्षसम्म पनि सम्बोधन हुन नसकेको भन्दै यसतर्फ लागतअनुसार बजेट विनियोजन गर्न विशेष पहल गर्नुपर्ने, बर्खायाम सुरु हुन लागेकाले कतिपय मुख्य सडकमा रहेका पुलहरू रकम अभावका कारण निर्माणाधीन अवस्थामै अलपत्र परेकाले त्यसलाई अविलम्ब सम्बोधन हुने गरी बजेट विनियोजनका लागि पहल गर्ने, पालिकाहरूमा निर्माण सम्पन्न भएका तथा सम्पन्न हुने चरणमा रहेका १५ शयैयाका अस्पतालहरूमा विशेषज्ञ डाक्टर तथा आवश्यक कर्मचारीको व्यवस्थापनमा सैंघ सरकारबाट विशेष पहल गर्ने एक पालिका-एक पकेट कार्यक्रम सञ्चालनका लागि कार्यक्रम तर्जुमा गरी बजेट विनियोजनमा विशेष पहल गर्ने तथा निर्माणाधीन सडकमा ठेकेदारको लापरबाहीका कारण गुणस्तरहीन काम र ढिलासुस्ती भइरहेको विषयमा बैठकले विशेष जोड दिएको जिल्ला समन्वय समिति प्रमुख द्रोण खत्रीले बताए । सार्वजनिक खरिद ऐनलगायत केही असान्दर्भिक ऐन-नियमका कारण समयमै आयोजना सम्पन्न गर्न कठिनाइ उत्पन्न भएकाले त्यसको संशोधनका लागि विशेष पहल हुनुपर्ने, जलाशययुक्त आयोजना, सिँचाइ आयोजना तथा जिल्लाभित्र सञ्चालित लाइफलाइन सडक आयोजनाहरूमा पर्याप्त बजेट विनियोजनका लागि विशेष पहल गर्नुपर्ने निष्कर्ष पनि बैठकले निकालेको छ । समन्वय प्रमुख खत्रीका अनुसार कृषिलाई उत्पादन र रोजगारीसँग जोड्न बजार व्यवस्थापनसहित कृषि उत्पादनमा विशेष जोड दिई बजेट विनियोजन हुनुपर्ने, कर्मचारी अभावका कारण नागरिक सेवा प्रभावित भएकाले दरबन्दीअनुसार जनशक्ति उपलब्ध गराउन पहल गर्नुपर्ने तथा ठेक्का सम्झौतामा लागतसँगै समयलाई पनि प्रमुखता दिन सके आयोजना समयमै सम्पन्न गर्न सहज हुने उल्लेख गरिएको छ । प्रत्येक पालिकामा आवासीय विद्यालय सञ्चालनका लागि पहल गर्नुपर्ने विषय पनि निष्कर्षमा समेटिएको छ । त्यसैगरी, उद्योग-कलकारखाना स्थापना गर्न सके युवाहरूलाई गाउँमै रोजगारी दिई वैदेशिक तथा आन्तरिक पलायन रोक्न सहज हुने, खानेपानी प्रयोजनका लागि प्रयोग हुने विद्युत् महसुल (किसान र उपभोक्ता) अत्यधिक भएकाले दर घटाउन पहल गर्नुपर्ने, कृषि र पर्यटन उद्योगलाई प्राथमिकता दिनुपर्ने तथा सांस्कृतिक सम्पदा र धरोहरको संरक्षण, पुनर्निर्माण र प्रचारप्रसारमा विशेष ध्यान दिनुपर्ने निष्कर्ष पनि बैठकले निकालेको जिल्ला समन्वय समिति गुल्मीले जनाएको छ ।

## खेलकुद समाचार

# मधेशलाई हराउँदै आर्मी शीर्ष स्थानमा उक्लियो



**काठमाडौं,** चैत २०/प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा शुक्रबार भएका खेलमा त्रिभुवन आर्मी क्लब र सुदूरपश्चिम प्रदेश विजयी भएका छन् । जनकपुरमा भएको खेलमा आर्मीले मधेश प्रदेशलाई ६ विकेटले हरायो । मधेशले दिएको १८५ रनको लक्ष्य आर्मीले २९ ओभर २ बलमा ४ विकेट गुमाएर भेटायो । आर्मीका तुतराज दासले ६९, बसिर अहमदले नटआउट ४१ रन बनाए । मधेशका मोहम्मद आदिल आलमले २ विकेट लिए । यसअघि टस हारेर ब्याटिङ गरेको मधेशले ४८ ओभर ३ बलमा १८४ रन बनाउँदा सबै विकेट गुमायो । मधेशका विशाल शुल्लिङले ५१, कप्तान अनिल साहले ४२ रन बनाए । आर्मीका बसिर अहमदले ३ विकेट लिए । योसँगै आर्मी ५ खेलमा ४ जीतसहित ९ अङ्क जोडेर तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । मधेश ५ खेलमा ७ अङ्कसहित चौथो स्थानमा छ । यस्तै वीरगञ्जमा भएको खेलमा सुदूरपश्चिमले गण्डकी प्रदेशलाई २ विकेटले हरायो । गण्डकीले दिएको १९१ रनको लक्ष्य सुदूरपश्चिमले ३९ ओभर २ बलमा ८ विकेट गुमाएर भेटायो । सुदूरपश्चिमका अभिषेक पालले ६६, नारायण जोशीले नटआउट ४५ रन बनाए । गण्डकीका विपिन खत्रीले ५ विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको गण्डकीले ४९ ओभरमा सबै विकेट गुमाएर १९० रन बनायो ।

## अर्थ/कर्पोरेट समाचार

# पेट्रोलियम पदार्थको मूल्य फेरि बढ्यो



**पाल्पा,** चैत २०/नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । निगमले बिहीबार पेट्रोल, डिजेल र मट्टितेलको प्रतिलिटर १५ रुपैयाँको दरले बढाएको हो ।

निगम सञ्चालक समितिको बिहीबारको बैठकले उक्त मूल्य निर्धारण गरेको हो । नयाँ मूल्य बिहीबार राति १२ बजेदेखि लागू भएको छ । १ चैतमा १५ रुपैयाँले बढाएर काठमाडौंमा पेट्रोलको मूल्य १७२ र डिजेल-मट्टितेलको मूल्य १५२ रुपैयाँ पुऱ्याएको थियो । १२ चैतमा फेरि १५ रुपैयाँ बढाएर काठमाडौंमा पेट्रोलको मूल्य १८७ रुपैयाँ र डिजेल-मट्टितेलको मूल्य १६७ रुपैयाँ पुऱ्याएको हो ।

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढिरहेकाले स्थानीय बजारमा पनि मूल्य बढाउनुपरेको निगमले स्पष्ट पारेको छ । मूल्य समायोजनसँगै अब पहिलो वर्गअन्तर्गत रहेका चारआली, बिराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जमा यसअघि पेट्रोलको मूल्य प्रतिलिटर १८४ रहेकामा अब १९९ रुपैयाँ ५० पैसा पुगेको छ, भने डिजेल/मट्टीतेलको मूल्य यसअघि प्रतिलिटर १६४ रुपैयाँ ५० पैसा रहेकामा अब बढेर १७९ रुपैयाँ ५० पैसा कायम भएको निगमले जनाएको छ । यस्तै दोस्रो वर्गमा रहेका सुर्खेत र दाङमा यसअघि पेट्रोलको मूल्य प्रतिलिटर १८६ रुपैयाँ रहेकामा अहिले बढेर २०१ रुपैयाँ पुगेको छ । डिजेल/मट्टीतेलको मूल्य पहिले प्रतिलिटर १६६ रुपैयाँ रहेकामा अब बढेर १८१ रुपैयाँ पुगेको निगमले जानकारी दिएको छ । तेस्रो वर्ग अन्तर्गत काठमाडौं, पोखरा र दिपायलमा पेट्रोलको मूल्य प्रतिलिटर २०२ रुपैयाँ पुगेको छ ।

यसअघि १८७ रुपैयाँ थियो । यसअघि डिजेल र मट्टीतेलको मूल्य १६७ रुपैयाँ लिटर रहेकामा अब बढेर १८२ रुपैयाँ पुगेको छ । विगत महिनादेखि पश्चिम एसियामा जारी युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको निरन्तर मूल्यवृद्धि भइरहेको छ । सो युद्धका कारण पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय बजारमा निरन्तर मूल्यवृद्धि भई इण्डियन आयल कर्पोरेशनबाट प्राप्त मूल्य अनुसार स्वचालित मूल्य प्रणाली बमोजिम मूल्य समायोजन हुन नसकेको विज्ञप्तिमा उल्लेख छ ।

# पर्यटकको रोजाइमा...

...उनका अनुसार अहिले दैनिक दुईसय देखि तीन सयसम्म आन्तरिक पर्यटक आउने गरेका छन् । सार्वजनिक बिदा तथा शनिबारका दिनमा झरनाको अवलोकन गर्न आउनेको संख्या पाँच सयसम्म पुग्ने केसीले बताए । उनका अनुसार झरना अवलोकन गर्न आउने पर्यटकबाट व्यक्तिगत शुल्क नलिए पनि सवारीसाधनबापत पार्किङ शुल्क लिने गरिएको छ । झरनाको अवलोकन तथा वनभोज खान आउनेले ल्याउने सवारीसाधनबाट भएको आम्दानी बबई गाउँपालिकाको खातामा दाखिला हुने जनाउँदै यहाँ कार्यरत कर्मचारीलाई तलब गाउँपालिकाले प्रदान गर्ने बताए । जिल्ला अदालत देउखुरीका न्यायाधीश प्रकाशराज पण्डितले आफू यहाँ पुग्दा आनन्द महसुस भएको प्रतिक्रिया दिए । उनले यसलाई अझै व्यवस्थित बनाउँदै सरसफाइमा ध्यान दिनसके पर्यटन आगमन बढ्नु साथै स्थानीयको आयस्तर पनि बढ्ने धारणा राखे । इलाका प्रशासन कार्यालय तुलसीपुरका प्रमुख उपसचिव पुष्प पौडेलले झरनाको संरक्षण तथा संवर्द्धन गरी शौचालय, चमेना गृहलगायत भौतिक पूर्वाधार निर्माण गर्नसके पश्चिम दाङको मुहार फेरिने बताए । यसबाट स्थानीयको जीवनस्तर सुधार हुनुका साथै रोजगारीका अवसर पनि सिर्जना हुने उनको भनाइ छ । उच्च सरकारी वकिल कार्यालय तुलसीपुरका प्रमुख चन्द्रबहादुर सिजाली, सशस्त्र प्रहरी तुलसीपुरका प्रमुख सशस्त्र प्रहरी उपरिक्षक राम भण्डारीलगायतको टोलीले सबैले झरनाको विकासमा सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिँदै यहाँ आउने पर्यटकका लागि बबई नदीमा जलविहार, प्राकृतिक पदयात्रा, जङ्गली जनावर, चरा तथा जीवजन्तुको अवलोकन गर्ने/गराउने वातावरण बनाउन सके यो क्षेत्रलाई पश्चिम दाङको प्रमुख आकर्षक पर्यटकीय गन्तव्य बनउन सकिने बताए ।

**यसरी पत्ता लागेको थियो झरना**

यो झरना एकान्त ठाउँमा अवस्थित छ । यहाँ वरपर कुनै बस्ती छैनन् । “शताब्दीभन्दा पुरानो इतिहास बोकेको यो झरना वरिपरि पहिल घनघोर जङ्गल रहेको र जङ्गलको बीचमा स-साना बाटो बनाएर मानिस गाईवस्तु लिएर चराउन जाने, घाँसदाउरा गर्न तथा खर काट्न जाने, गोठ बनाएर बस्नेलगायत गतिविधि सञ्चालन हुन्थ्यो”, कर्मचारी केसीले भने, “यहाँ बनाइएका गोठमा बस्ने क्रममा आवतजावत गर्दा मानिसले झरना रहेको पत्ता लगाएका थिए ।” उनका अनुसार झरनाको करिब एक सय मिटरको दूरीमा सिद्धेश्वर महादेवको मन्दिर अवस्थित छ । मन्दिरमा शिवरात्रिका अवसरमा ठूलो मेला लाग्ने गरेको बबई गाउँपालिकाका अध्यक्ष कुलप्रसाद केसीले जानकारी दिए । झरनाको विकासका लागि पालिकाले गुरुयोजना बनाई पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेको उनले बताए । उनले झरनालाई जिल्लाकै प्रमुख पर्यटकीय केन्द्र बनाउनका लागि आफूहरू लागिपरेको उल्लेख गरे । यसअघि झरनाको विकासका लागि बबई गाउँपालिका, लुम्बिनी प्रदेश सरकार, पर्यटन बोर्ड नेपालगञ्जबाट विनियोजन भई पूर्वाधारका निर्माणलाई तीव्रता दिइएको अध्यक्ष केसीले जानकारी दिए । उनका अनुसार सैंघ सरकारबाट प्राप्त रकमले झरनासम्म पुग्न पक्की बाटो तथा सिढी निर्माणलगायत काम सम्पन्न भइसकेका छन् । उनले झरनाको सौर्दयता जोगाउनका लागि विज्ञको टोलीबाट यसको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी सोही अनुरुप कार्यान्वयन भइरहेको जानकारी दिए । जिल्लामा आउने पर्यटकको रोजाइमा झरना पर्न थालेपछि यसको संरक्षण, प्रचारप्रसार र प्रवर्द्धनमा योजनाबद्ध काम थालिएको उनको भनाइ छ । विगतका समयमा बाटो पक्की नहुँदा झरना क्षेत्रको अवलोकन बर्षायाममा गर्न समस्या हुने गरेकामा अहिले सहज भएको भएको स्थानीय बताउँछन् । अहिले पक्की बाटोसहित आवश्यक पूर्वाधार निर्माण हुन थालेपछि जुनसुकै समयमा पनि यहाँसम्म पुग्न सकिने अध्यक्ष केसीले बताए । तुलसीपुर, हापुरे, सुर्खेत खण्डको टवाङ खोलाबाट करिब आठ किमी दक्षिणपश्चिमतर्फ पर्ने यो झरनासम्म पुग्ने बाटो पक्की भएकाले बाह्रै महिना पर्यटकको आगमन हुन थालेको झरना संरक्षणमा खटिएका कर्मचारी केसीले बताए । यसलाई अझ सहज र व्यवस्थित बनाउँदै लैजानुपर्नेमा उनले जोड दिए ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

# पाल्पामा विपद्...

...यस्तै हेलचक्र्याइँ वा लापरवाही गरी आगलागी वा वन डढेलो लगाउने व्यक्तिलाई कानुनी कारवाहीको दायरामा ल्याउन सूचना संयन्त्रलाई बलियो बनाई सूचना संप्रेषण गर्ने र गैरकानुनी रुपमा वन डढेलो लगाउने व्यक्तिलाई कानुनी कारवाही गर्ने, निजी आवास पुनर्निर्माणको लागि नियमानुसार निकासा हुनु पर्ने रकम उपलब्ध गराउन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र आन्तरिक मामिला तथा कानुन मन्त्रालय लुम्बिनी प्रदेशमा अनुरोध गर्ने, आगामी आ.व.२०८३/८४ को लागि स्थानीय तहको बजेटमा विपद् व्यवस्थापनका लागि पर्याप्त बजेट विनियोजन गर्ने, साथै स्थानीय तहले एक्लै वा दुई वा दुई भन्दा बढी स्थानीय तहको लागत साझेदारीमा बारुणयन्त्र खरिद गरी सो सञ्चालनको मोडालिटी निर्माण गर्ने पनि निर्णय भएको छ ।

बैठकमा सहायक प्रमुख जिल्ला अधिकारी ऋषिराम सुवेदीले निजी आवास/प्रबलीकरण, पुन: निर्माण तथा पुनस्थापना र डिभिजन वन कार्यालयका वरिष्ठ वन अधिकृत खिलबहादुर तामाङले कार्यालयले डढेलोको जोखिम न्यूनिकरणका लागि गरेको पूर्व तयारी र जिल्लामा वन डढेलोको अवस्थाका बारेमा प्रस्तुतिकरण राखेका थिए । प्रमुख जिल्ला अधिकारी विनु बज्राचार्य कुंवरको अध्यक्षतामा बैठक बसेको थियो ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर-५,तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई